# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०७/०१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

---

जिल्ला विकास समितीको कार्यालय, नवलपरासी अन्तर्गत कार्यरत धर्मेन्द्र आर्के नामका ब्यक्तिले नक्कली सचिव भई काम गरी गा.वि.स.को रकम निकासा गरी खाई मासी फरार रहेको समेत भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज धर्मेन्द्र रोकाले लोक सेवा आयोग, कर्णाली अञ्चल कार्यालय, जुम्लाको सिफारिसमा मिति २०६७।१२।१३ गतेबाट जिल्ला प्रशासन कार्यालय, डोल्पाको खरिदार पदमा प्रवेश गरी निजले आफ्नो कार्यकालमा रुकुम, नवलपरासी, बारा र सर्लाही जिल्ला समेतमा अनाधिकार सरुवा हुँदा क्रमश धर्मेद्र रोका, धर्मेन्द्र आर्के, धर्मरोवा मगर र धर्मेन्द्र बहादुर रोका गरी चार प्रकारका नाम लेखी, कर्मचारी संकेत नं. समेत फरक फरक लेखी, अनधिकृत र गैरकानुनी रुपमा आफूखुसी सरुवा र रमनापत्र बनाई रुकुम, नवलपरासी, बारा र सर्लाही जिल्ला विकास समितिको कार्यालय र मातहतका कार्यालयहरुमा कार्यरत रही बदनियतपूर्वक रुकुम जिल्लाको आठविसकोट गा.वि.स.बाट रु.२५,५०,०००/- (पच्चिस लाख पचास हजार), नवलपरासी जिल्लाको रकुवा गा.वि.स.बाट रू.१,०८,९९०/- (एक लाख आठ हजार नौ सय नब्बे), बारा जिल्लाको पथरा गा.वि.स. तथा देवापुर गा.वि.स.बाट रू.१६,५८,५००/- (सोह्र लाख अन्ठाउन्न हजार पाँच सय) र सर्लाही जिल्लाको पर्सा गा.वि.स.बाट रू.४,९९,८००/- (चार लाख उनान्सय हजार आठ सय) समेत गरी जम्मा रू.४८,१७,२९०/- (अठचालीस लाख सत्र हजार दुई सय नब्बे) रकम हिनामिना र दुरुपयोग गरी भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुन आएको हुँदा निज खरिदार धर्मेन्द्र रोकाले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ को कसुर अपराध गरेको पुष्टी हुन आएकोले निज धर्मेन्द्र रोकालाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ९ बमोजिम सजाय हुन र निजले सरकारी सम्पत्तिको बदनियतसाथ हिनामिना गरी हानिनोक्सानी गरेको विगो रू.४८,१७,२९०/- (अठचालीस लाख सत्र हजार दुई सय नब्बे) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिम असुलउपर गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३(१) र दफा ३(१) को देहाय (छ) बमोजिम जरिवाना एवं कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौमा मुद्दा दायर गरिएको छ । साथै निज धर्मेन्द्र रोकाले सरकारी छाप दस्तखत किर्ते गरेको भन्ने कसुरमा सर्लाही जिल्ला अदालतको आदेशले पूर्पक्षका लागि हाल कारागार कार्यालय सुनसरी, झुम्कामा थुनामा रहेको देखिदा निजलाई सम्मानित बिशेष अदालतबाटै झिकाई बुझि पाउँन अनुरोध समेत गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता